वैठक संख्याः ६२

आज मिति २०८३/०२/२९ गते, शुक्रबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ६२ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरू | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धब कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| | सहयोगी कर्मचारी | | |
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |

CS CamScanner

# त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ६२ औं बैठकका कार्यसूची तथा एजेण्डाहरू

## त्रियुगा नगर कार्यपालिकाको ६२ औं बैठकका कार्यसूचीहरू

१ भूमि समस्या समाधान समितिको जानकारी (प्रजिअको संयोजकत्वमा गठित) सम्बन्धमा।
२ नगरपालिका भवन रहेको जग्गाको भोगाधिकार समाप्ति सम्बन्धमा।
३ सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यस्थापन गर्ने सम्बन्धमा।
४ खेल मैदान संरक्षण सम्बन्धमा।
५ लागत अनुमान स्वीकृति र भेरिएशन आदेश जारी गर्ने अधिकारी सम्बन्धमा।
६ नगरपालिकाका विभिन्न कार्यविधि सम्बन्धमा।
७ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतको सुनौला हजार दिनका लाभग्राही आमा छनौट सम्बन्धमा।
८ महालेखा परीक्षकको कार्यालयको ६३औं प्रतिवेदन (आ.व. २०८१/८२) सम्बन्धमा।
९ विपद् प्रभावितलाई राहत सम्बन्धमा।
१० त्रियुगा नगरपालिका-१३ स्थित सगरमाथा कृषि बजारको कार्यसमिति सम्बन्धमा।
११ "घ" वर्गको ईजाजत पत्र सम्बन्धमा।
१२ चालु आ.व.को नदीजन्य पदार्थको वार्षिक विवरण तथा समीक्षा सम्बन्धमा।
१३ निजी जग्गामा उत्खनन गरिएको ढुङ्गाको प्रतिवेदन सम्बन्धमा।
१४ निष्क्रिय सहकारी खारेजी सम्बन्धमा।
१५ नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना (NUGIP)को म्याद थप र भेरिएशन आदेश (२) सम्बन्धमा।
१६ अवकाशप्राप्त कर्मचारीहरूको सुविधा सम्बन्धमा।
१७ नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१८ नगरपालिका कार्यालयमा दर्ता भई भवन नियमित तथा अभिलेखीकरणको प्रक्रियामा रहेका घरको अभिलेखीकरण गर्ने सम्बन्धमा।
१९ भवन नियमित गर्न अनुगमन नगर प्रहरी तोक्ने सम्बन्धमा।
२० भवन नियमन कार्यमा अमिन शुल्क व्यवस्थित गर्ने सम्बन्धमा।
२१ जग्गा खण्डिकरण तथा प्लटिङ सम्बन्धी कार्यविधि मस्यौदा सम्बन्धमा।
२२ त्रियुगा नगरपालिकाको दीर्घकालीन सोच संशोधन गर्ने सम्बन्धमा।
२३ मदन भण्डारी राजमार्गको सडक क्षेत्राधिकार सम्बन्धमा।
२४ कृषि तथा भेटनरी सेवा केन्द्र सम्बन्धमा।
२५ कृषि उपज बजार निर्माणको लागि मन्त्रालयमा माग गर्ने सम्बन्धमा।
२६ त्रियुगा नगरपालिका र काठमाडौं महानगरपालिकाबीच एग्रोपुलिङ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।
२७ नगरको कार्यक्रम तथा योजना संशोधन सम्बन्धमा।
२८ विविध

क) भूमि समस्या समाधान आयोगबाट खटिई आएका सर्वेक्षक र अमिनको पारिश्रमिक सम्बन्धमा।
ख) ज्यालादारीका कर्मचारीहरूको छुट तलब सम्बन्धमा।
ग) त्रियुगा ज्ञानमाला पुस्तकको बिक्री मूल्यमा छुट सम्बन्धमा।

कार्यपालिकाको मिति

CamScanner

घ) मन्टेश्वरी र आधारभूत व्यूटिशियन तालिमका प्रशिक्षकलाई खाना र आवास खर्च सम्बन्धमा।

ङ) त्रियुगा नगर युवा तथा खेलकुद विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीको पारिश्रमिक वृद्धि सम्बन्धमा।

च) सडक निर्माणको क्रममा घर भत्केको त्रियुगा नगरपालिका-१ बस्ने रामेश्वरीदेवी चौधरीलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा।

छ) मुटुरोगीलाई आर्थिक सहायता सम्बन्धमा।

ज) ज्यालादारीमा कर्मचारीलाई काममा लगाउने सम्बन्धमा

कार्यपालिकाको मिति
२०८३/०२/२९ गतेको
बैठकको निर्णय प्रमाणित।

निर्णय नं. ९९४

जिल्ला प्रशासन कार्यालय, उदयपुरको प.सं. २०८२/०८३, च.नं. ३७२०, मिति २०८३/०२/२२ गतेको पत्रानुसार भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा भूमि सम्बन्धी नियमहरू, २०२१ (एक्काइसौं संशोधन) को नियम ४१क१. को उपनियम (१) मा नेपालभरका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्वस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमि समस्या समाधान समिति रहने व्यवस्था गरिएको तथा नियम ४१क६. मा समितिको काम कारवाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला भूमि समस्या समाधान समिति गठन गर्न सकिने व्यवस्था बमोजिम नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०८३/०२/२१ को निर्णयानुसार गठित उदयपुर जिल्लाको भूमि समस्या समाधान समितिको सदस्यमा त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कुमार प्रसाद कोइरालालाई तोकिएको व्यहोरा बैठकलाई जानकारी भयो। समितिको काम सम्पन्न गर्न जग्गा नापजाँच तथा तथ्याङ्क प्रविष्टीको कामलाई तदारुकता साथ अगाडि बढाउने तथा आवश्यक सहयोग र समन्वय गर्ने।

निर्णय नं. ९९५

भूमि प्रशासन कार्यालय, गाईघाट, उदयपुरको प.सं.२०८२/०८३, च.नं. ४१७८, मिति २०८३/०२/०४ गतेको पत्रानुसार त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले भोग गर्दै आईरहेको तपसिल बमोजिमका जग्गाको भोगाधिकार समाप्त भएको जानकारी प्राप्त भएको र उक्त कित्ताका जग्गामा नगरपालिकाको भवन निर्माण भई हाल नगरपालिकाको सम्पूर्ण कार्य सोही स्थानबाट सञ्चालन भइरहेको कारण लिजमा लिन अत्यावश्यक भएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा लगाउने कार्यनीति, २०७९ बमोजिम लिजमा लिन्न आवश्यक प्रकृया अगाडि बढाई दिन भूमि प्रशासन कार्यालय, गाईघाट, उदयपुरलाई अनुरोध गर्ने ।

तपसिल

| क्र.सं. | भोगाधिकार पाउने निकायको नाम र ठेगाना | भोगाधिकार दिएको मिति | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | साविक गा.वि.स. | नक्सा सिट नं. | कि.न. | जम्मा क्षेत्रफल (विगाहा) |
| १ | त्रियुगा नगरपालिकाको कार्यालय, गाईघाट, उदयपुर | २०६२/०५/१५ | भुमरसुवा | ४छ | ६८३ | ३-०-० |
| २ | महिला विकास शाखा, बोक्से, उदयपुर | २०६०/१०/२८ | भुमरसुवा | ४छ | ६५२ | ०-२-१० |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित ।

CamScanner

निर्णय नं. ९९६

नेपाल सरकारको फोहोरमैला व्यवस्थापन ऐन, २०६८, नियमावली २०६९ र त्रियुगा नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ ले गरेको व्यवस्था बमोजिम त्रियुगा नगरपालिकामा सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य प्रारम्भ गर्ने। यसका लागि फोहोरमैला सङ्कलन शुल्क आगामी आर्थिक ऐनमा निर्धारण गर्ने। साझेदारीमा फोहोर व्यवस्थापन गर्दा नगरको तर्फबाट फोहोर विसर्जनको लागि आवश्यक जग्गा व्यवस्थापन, सवारी-साधन, जनशक्ति व्यवस्थापन गर्ने र साझेदारी संस्था वा निकायबाट जनशक्तिलाई मासिक पारिश्रमिक भुक्तानी, सवारी साधनको ईन्धन, मर्मत सम्भार, नगरवासीबाट फोहोरमैला सङ्कलनबापतको शुल्क सङ्कलन आदि कार्य गर्ने गरी सार्वजनिक निजी साझेदारी मोडेलमा कार्य गर्न सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम सार्वजनिक प्रस्ताव आह्वान गर्ने। साझेदारी सम्बन्धी कार्यशर्त विवरण (Terms of Reference- TOR) कार्यालयले निर्णय गरे अनुसार हुने।

निर्णय नं. ९९७

त्रियुगा नगरपालिका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनको सम्बन्धमा नगर समन्वय समितिको बैठकले मिति २०८३/०२/२७ गते गरेको सिफारिस बमोजिम त्रियुगा नगरपालिका वडा नं. ९ गैरुनस्थित ईटाभट्टा दक्षिण तर्फको खेल मैदान (अनुमानित ७-०-० विघा-कठ्ठा-धुर) को जग्गा संरक्षण गर्ने प्रयोजनको लागि सरस्वती टोल विकास क्षेत्रमा बसोबास गर्ने तपसिलका व्यक्तिहरुबाट ऐलानी जग्गाको फाराम भरी नापजाँच भई निस्सा वितरण भएको देखिएकोले भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र विद्यालयको जग्गाहरुमा बसोबास गरी रहेका व्यक्तिहरुलाई दनुवारी खेल मैदानमा व्यवस्थापन गर्ने र सरस्वती टोलमा वसोबास गर्दै आईरहेका तपसिल बमोजिमको जग्गाको विवरण भएका निस्सा बदर गर्ने:

तपसिल

| क्र. सं. | नाम | ना.प्र.नं. | टोल विकास संस्था | कोड नं. | क्षेत्रफल | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | विघा | कठ्ठा | धुर | |
| १ | सुर्य बहादुर राई | ५०५१४/२५०७ उदयपुर,२०५८/०३/०६ | सरस्वती टोल | ०९-BS-०४१७ | ० | १ | ० | |
| २ | ईन्द्र बहादुर राई | ०१४/०१३/१४२ उदयपुर, २०६३/१०/१७ | सरस्वती टोल | ०९-AB-०४६३ | ० | २ | ० | |
| ३ | मदन बहादुर राई | २९८९०/२२६० उदयपुर, २०५२-०७-२४ | सरस्वती टोल | ०९-AB-०४४१ | ० | ७ | ० | |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | विनोद सदा | १४१०४५/९४७८८ उदयपुर, २०६५-१२-०३ | सरस्वती टोल | ०९-BD-०४२४ | ० | ३ | ० | |
| ५ | होम कुमार राई | १४-०१-७०-०१९८५ उदयपुर, २०७०-०८-२७ | सरस्वती टोल | ०९-BS-०६५१ | ० | ५ | ० | |
| ६ | सुमन बराल | १४१०१९/९५५७० उदयपुर,२०६६-०१-२१ | सरस्वती टोल | ०९-BS-०५०० | ० | २ | ० | |
| ७ | प्रविन राई | १४१०१३/९४३७२ उदयपुर,२०६५/१०/२६ | सरस्वती टोल | ०९-BS-०७०७ | ० | ३ | ० | |
| ८ | हेम कुमारी मगर | १४१०१३-११७००६ उदयपुर, २०६८-१०-०६ | सरस्वती टोल | ०९-BS-०४६६ | ० | १ | ० | |
| ९ | सुन्दरी राई | १४-०१-७६-००७२२ उदयपुर, २०७६-०१-३१ | सरस्वती टोल | ०९-BS-०४६४ | ० | ३ | ५ | |
| १० | पर्शुराम राई | ७४५२४ उदयपुर, २०६२-०५-०१ | सरस्वती टोल | ०९-AB-०५९७ | ० | १३ | ० | |
| ११ | मोहन कुमार राई | १४१०२५/८६३०८ उदयपुर, २०६४-०७-१५ | सरस्वती टोल | ०९-AB-०७०६ | ० | २ | ० | |
| १२ | राम कुमारी राई | ५३७९७ उदयपुर, २०५८/११/०२ | सरस्वती टोल | ०९-AB-०४४० | ० | १ | ० | |
| १३ | पदम सेर राई | ०१४/०१३/१६९ उदयपुर, २०६३/१०/१७ | सरस्वती टोल | ०९-AB-०४२९ | ० | ३ | ० | |
| १४ | रुपमान राई | ५१२८३/२८२७ उदयपुर, २०५८/०५/२६ | सरस्वती टोल | ०९-AB-०४३० | ० | ५ | ० | |

कार्यपालिकाको मिति
२०८३/०२/२९ गतेको
बैठकको निर्णय प्रमाणित ।

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | गिता राई | १४१०२९/१०४३४१ उदयपुर, २०६७/०४/०३ | सरस्वती टोल | ०९-AB-०४१६ | ० | ५ | १८ | |
| १६ | देबेन्द्र राई | २८७६३/३०७७ उदयपुर, २०५२/०२/१५ | सरस्वती टोल | ०९-AB-०४२० | ० | ३ | ० | |
| १७ | कल्पना राई | १४१०१३/११३७२६ उदयपुर, २०६८/०५/२१ | सरस्वती टोल | ०९-AB-०४४६ | १ | ० | ० | |
| १८ | प्रकास वि.क. | १४१०४५/११८७०५ उदयपुर, २०६९/०१/०४ | सरस्वती टोल | ०९-AB-०४४३ | ० | ४ | ० | |
| १९ | कमल बहादुर मगर | १२२४१/१९२१ उदयपुर, २०४२-०१-०२ | सरस्वती टोल | ०९-AB-०४६५ | ० | १ | ० | |
| २० | निरज राई | १४१०१३-१२५१४८ उदयपुर, २०६९-११-११ | सरस्वती टोल | ०९-AB-०४३१ | ० | ८ | ० | |
| २१ | टंक बहादुर सार्की | १३५८१६/२१६५ धनकुटा, २०५६-०४-०५ | सरस्वती टोल | ०९-AB-०४२७ | ० | २ | ० | |
| २२ | केशर कुमार राई | ४३६९३/४१४२ उदयपुर, २०५६-१०-२४ | सरस्वती टोल | ०९-AB-०४१८ | ० | २ | ५ | |
| २३ | हिम कुमारी राई मगर | १४-०१-७६-०६२७५ उदयपुर, २०७८/०४/२६ | सरस्वती टोल | ०९-AB-०४४५ | ० | २ | ० | |
| २४ | दिर्प बहादुर खपाङ्गी मगर | १४३०१३-१७१ उदयपुर, २०७०-०२-२६ | सरस्वती टोल | ०९-AB-०४४९ | ० | ७ | ० | |
| | जम्मा | | | | १ विघा | ८५ कठ्ठा | २८ धुर | |

कार्यपालिकाको मिति २०८३/०२/२९ मतेको बैठकको निर्णय प्रमाणित ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५ | ६ | ८ | |

निर्णय नं. ९९८

(क) यस नगरपालिकाले गर्ने सार्वजनिक खरिद कार्यलाई प्रचलित कानून बमोजिम व्यवस्थित गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ को उपनियम (१) र (२) बमोजिम सोही नियमावलीको नियम १०,११ र १३ बमोजिम तयार भएको लागत अनुमान देहाय बमोजिमको अधिकारीबाट स्वीकृत गर्नेः

निर्माण कार्य, मालसामान र अन्य सेवाको खरिदको लागत अनुमानको स्वीकृति

| क्र.सं. | लागत अनुमान विवरण | आदेश गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | दश करोड रूपैयाँसम्मको लागत अनुमान | राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखले | |
| २ | बीस करोड रूपैयाँ सम्मको लागत अनुमान | नगर प्रमुखले | |
| ३ | बीस करोड रूपैयाँ भन्दा वढीको लागत अनुमान | नगर कार्यपालिकाले | |

परामर्श सेवाको लागत अनुमान स्वीकृति

| क्र.सं. | लागत अनुमान विवरण | आदेश गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | पचास लाख रूपैयाँसम्मको लागत अनुमान | राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखले | |
| २ | एक करोड रूपैयाँ सम्मको लागत अनुमान | नगर प्रमुखले | |
| ३ | एक करोड रूपैयाँ भन्दा वढीको लागत अनुमान | नगर कार्यपालिकाले | |

(ख) सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ बमोजिम भेरिएशन आदेश जारी गर्ने अधिकारी तपसिल बमोजिम कायम गर्नेः

| क्र.सं. | भेरिएशन प्रतिशत | आदेश गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | दश प्रतिशतसम्मको | राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखले | |
| २ | पन्ध्र प्रतिशतसम्मको | नगर प्रमुखले | |
| ३ | पन्ध्र प्रतिशतभन्दा वढी | नगर कार्यपालिकाले | |

कार्यपालिकाको मिति
२०८३/02/29 गतेको
बैठकको निर्णय प्रमाणित।

CamScanner

**निर्णय नं. ९९९**

यस नगरपालिकाको विधायन समितिमा छलफल भई संशोधनसहित पारित भएका तपसिलका कार्यविधिहरू स्वीकृत गर्ने:

| क्र.स. | कार्यविधि | सम्बन्धित शाखा | कैफियत |
|---|---|---|---|
| १. | अटोरिटी श्रमिक उत्थान कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ | सामाजिक विकास शाखा | |
| २. | त्रियुगा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ | सामाजिक विकास शाखा | |

**निर्णय नं. १०००**

त्रियुगा नगरपालिकाबाट सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतको सुनौला हजार दिनका विपन्न महिलाहरुको पोषण सुधारका लागि आय आर्जन अनुदानको लागि त्रियुगा नगरपालिका वडा नं २ मा बसोवास गर्ने तपसिल बमोजिमका लाभग्राहीहरू छनौट गर्ने:

तपसिल

| क्र.सं. | नाम | उमेर | जात जाति | व्यवासायी | वडा नं. २ /टोल | फोन नं |
|---|---|---|---|---|---|---|
| १ | कल्पना चौधरी | ३४ | जनजाति | बाखा पालन | नमुना टोल | ९८४२९४५७९१ |
| २ | अन्जना चौधरी | ३० | जनजाति | बाखा पालन | नमुना टोल | ९७६२५८४०९४ |
| ३ | लैहरी कु चौधरी | ३८ | जनजाति | टेलर | बबिया टोल | ९८१९७९६८१४ |
| ४ | अस्मिता कु चौधरी | २६ | जनजाति | रागा पालन | नमुना टोल | ९८६३९७८६६० |
| ५ | चन्द्रिका चौधरी | ३० | जनजाति | बाखा पालन | थारु टोल | |
| ६ | सचिना चौधरी | ३३ | जनजाति | बाखा पालन | थारु टोल | |
| ७ | हिरा मगर | २७ | जनजाति | किराना पसल | बबिया टोल | ९७०२४०२३९९ |
| ८ | लक्ष्मी मगर | २३ | जनजाति | बाखा पालन | बरगाछी टोल | ९७६२२६४३५ |
| ९ | सुनिता परिवार | २३ | दलित | सुगुर पालन | मिर्मिरि टोल | ९७०७६४७०५७ |
| १० | छवी माया बि.क | २७ | दलित | बाखा पालन | बरगाछी टोल | ९८०७७६७८६१ |
| ११ | उर्मिला मिजार | २३ | दलित | रागा पालन | बबिया टोल | ९७०६३०२५४४ |
| १२ | पुजन बि.क | २५ | दलित | सुगुर पालन | नमुना टोल | ९८२१०७११४९ |
| १३ | अनिता सदा | २६ | दलित | सुगुर पालन | बबिया टोल | |
| १४ | मन्जु मग्रामी | ३८ | दलित | सुगुर पालन | नमुना टोल | ९८६२४३९२५५ |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित ।

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | श्याम कु चौधरी बि.क | २६ | दलित | बाखा पालन | नमुना टोल | ९८०३६९३४७० |
| १६ | सबिला खातुन | २३ | मुस्लिम | तरकारी खेति | बबिया टोल | ९७००६८७४६३ |
| १७ | समिना खातुन | २६ | मुस्लिम | बाखा पालन | मोथियाही टोल | ९८२८१२६८६४ |
| १८ | सरमैम खातुन | ४३ | मुस्लिम | बाखा पालन | मोथियाही टोल | |
| १९ | खुस्बुदा खातुन | २४ | मुस्लिम | बाखा पालन | मोथियाही टोल | |
| २० | तरमतुम खातुन | २७ | मुस्लिम | बाखा पालन | मोथियाही टोल | |
| २१ | सदिना खातुन | २७ | मुस्लिम | बाखा पालन | मोथियाही टोल | |
| २२ | कन्चन ठाकुर | २१ | मधेशी | सैलुन | नमुना टोल | ९८१५७११९४५ |
| २३ | लिला भण्डारी | २६ | क्षेत्री | बाखा पालन | मिर्मिरे टोल | |
| २४ | तारा खड्का | ३७ | क्षेत्री | बाखा पालन | मिर्मिरे टोल | ९८२४७६६३०९ |
| २५ | सम्झना खड्का | २३ | क्षेत्री | बाखा पालन | बरगाछी टोल | ९८१५७०९९०५ |
| २६ | मन्जु खत्री कार्की | २४ | क्षेत्री | बाखा पालन | बरगाछी टोल | ९७६२३५४१०६ |
| २७ | बर्षा बुढाथोकी | २७ | क्षेत्री | बाखा पालन | मिर्मिरे टोल | ९८२६०२५००३ |
| २८ | मुना खत्री | २३ | क्षेत्री | बाखा पालन | बरगाछी टोल | |

**निर्णय नं. १००१**

महालेखा परीक्षकको कार्यालयबाट सार्वजनिक गरिएको त्रियुगा नगरपालिकाको आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदनमाथि छलफल भयो। आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनबाट औंल्याईएका बेरूजुको तुलनामा आ.व. २०८१/०८२ को प्रतिवेदन अनुसार यस नगरपालिकाको बेरूजु उल्लेखनीय रूपले घटेकोले आर्थिक अनुशासन कायम गर्न लागि पर्ने सम्पूर्ण पदाधिकारी तथा कर्मचारी लगायत बेरूजु इकाईमा काम गर्ने कर्मचारीहरूलाई धन्यवाद दिने। साथै लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका बेरुजु फछ्यौंट गर्न तदारुकताका साथ लाग्न लेखा समिति, सम्वन्धित पदाधिकारी तथा कर्मचारी सवैलाई निर्देशन दिने।

**निर्णय नं. १००२**

त्रियुगा नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट पेश भएका तपसिल बमोजिमका विपद् प्रभावितहरूलाई यस नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिमको राहत रकम उपलब्ध गराउने:

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित !

CamScanner

तपसिल

| क्र.स. | विपद् प्रभावितको नाम/थर | ठेगाना | विपद्को प्रकृति | अनुमानित क्षतिको विवरण | राहत रकम |
|---|---|---|---|---|---|
| १ | श्री रञ्जिता राउत कार्की | त्रि.न.पा.-१६ | आगलागी | ३,५०,०००/- | पैतिस हजार |
| २ | श्री वीर बहादुर विश्वकर्मा | त्रि.न.पा.-३ | हावाहुरीबाट घरको छाना उडेको | १,००,०००/- | दश हजार |
| ३ | श्री ललित कुमार चौधरी | त्रि.न.पा.-८ | हावाहुरीबाट घरको छाना उडेको | १,००,०००/- | दश हजार |

साथै, यस नगरपालिकाको वडा नं. ९ मा वस्दै आउनुभएका श्री चुडा बहादुर खड्काको चट्याङ लागि देहवासान भएकोले नेपाल सरकारको विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ९ (क) मा विपद्को घटनामा परी कुनै परिवारमा एक जनाको मृत्यु भएमा स्थानीय तह मार्फत दुई लाख रूपैयाँ राहत रकम उपलब्ध गराउनु पर्ने भन्ने व्यवस्था भए बमोजिम निजको एकाघरको परिवारको सदस्य वा हकवालालाई दुई लाख रूपैयाँ उपलब्ध गराउने।

**निर्णय नं. १००३**

त्रियुगा नगरपालिका वडा नं. १३ मा सञ्चालन भई रहेको सगरमाथा कृषि बजारको वर्तमान कार्यसमिति भङ्ग गर्ने। निवर्तमान समितिले कार्यपालिकाको निर्णय प्रमाणित भएको १५ दिन भित्रमा हालसम्मको आय-व्यय, लेखा परीक्षण प्रतिवेदन सहितको हिसाव नगरपालिकामा बुझाउने र अर्को व्यवस्था नभए सम्मका लागि नगरपालिकाले कृषि बजार सञ्चालन तथा व्यवस्थापन गर्ने।

**निर्णय नं. १००४**

त्रियुगा नगरपालिकाको कार्यालयमा "घ" वर्गको निर्माण व्यवासयी ईजाजत प्रमाण-पत्र पाउँ भनि प्राप्त भएको निवेदकहरुको सम्वन्धमा त्रियुगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (३) बमोजिम गठन भएको जाँचबुझ समितिको मिति २०८३/०२/२७ गते बसेको बैठकको सिफारिस अनुसार तपसिलका निवेदकहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने:

तपसिल

| सि.नं. | प्रस्तावित फर्मको नाम | ठेगाना |
|---|---|---|
| १. | जय गुरुदेव बाबा निर्माण सेवा | त्रि.न.पा.१२ |
| २. | राधा राम निर्माण सेवा | त्रि.न.पा.११ |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित ।

## निर्णय नं. १००५

त्रियुगा नगरपालिकाद्धारा नदीजन्य पदार्थहरको सहज उपलब्धताको लागि प्रारम्भिक वातावरणीय अध्ययन (Initial Environment Examination) मा स्वीकृत भएका स्थानहरुको कार्यपालिकाको निर्णय अनुसार बढावढा ठेक्का प्रकृयाद्धारा ठेक्का व्यवस्थापन गर्न मिति २०८२/०६/२७ मा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा विज्ञापन गरी बढाबढ भएकोमा ठेक्का नं. TM-UDA-REV-०९/२०८२/०८३ र TM-UDA-REV-१०/२०८२/०८३ को ठेक्का सुशान्त निर्माण सेवा त्रियुगा नगरपालिका ९ ले सबै भन्दा बढी कबोल गरी मिति २०८२/०८/११ गते ठेक्का नं. TM-UDA-REV-०९/२०८२/०८३ र मिति २०८२/०८/२२ गते ठेक्का नं. TM-UDA-REV-१०/२०८२/०८३ उत्खनन तथा सङ्कलन दिन १८३ का लागि सम्झौता भई नदीजन्य पदार्थ सङ्कलन तथा बिक्री भएकोमा सम्झौताको शर्त अनुसार ठेक्का नं. TM-UDA-REV-०९/२०८२/०८३ को सम्झौता मिति २०८३/०२/१४ गते र ठेक्का नं. TM-UDA-REV-१०/२०८२/०८३ को सम्झौता मिति २०८२/०२/२५ गते १८३ दिन पुगि सम्झौताको मिति समाप्त भएकोले ठेक्का नं. TM-UDA-REV-०९/२०८२/०८३ को सम्झौतामा उल्लेख भएको परिमाण ४३६५१ घ.मि. मध्ये २५४५८.५ घ.मि. प्रयोग भएको र ठेक्का न. TM-UDA-REV-१०/२०८२/०८३ को सम्झौतामा उल्लेख भएको परिमाण १६९६८ घ.मि. मध्य ९९३२.५ घ.मि. मात्र प्रयोग भएको नगदि रसिदबाट देखिन आएकोले सोको जानकारी कार्यपालिका बैठकमा सबै सदस्यहरुलाई जानकारी दिई समिक्षा भयो। साथै, अर्को व्यवस्था वा सूचना नभएसम्मको लागि यस आर्थिक वर्षको लगि सबै नदीजन्य पदार्थहरुको उत्खनन तथा सङ्कलन कार्य बन्द गर्ने निर्णय गरियो।

## निर्णय नं. १००६

त्रियुगा नगरपालिका वडा नं. १५ जग्गा धनी श्री विनिता बस्नेतको नाममा रहेको साविक खाँबु ४ च. कि.नं. १० ६-०-०-३ कित्ता मध्ये २-१५-२-२ जग्गा सम्याउने कार्यको लागि मिति २०८२/१२/१२ गतेको कार्यपालिका बैठकबाट २२४१ घ.मि. ढुङ्गा उत्खनन हुने गरी I.E.E. स्वीकृत भएकोमा यस कार्यालयद्धारा दैनिक स्थलगतरुपमा ढुङ्गा निकासी परिमाणको अभिलेख राखि प्रतिवेदन गर्न खटाईएको कर सङ्कलक श्री विक्रम कार्कीले मिति २०८३/०२/१८ गते पेश गरेको प्रतिवेदनमा २२३५ घ.मि. उत्खनन भएको ढुङ्गा निकासी भई सकेको प्रतिवेदन प्राप्त भएको देखिएकोले I.E.E. मा उल्लेख भएको परिमाण भन्दा वढी परिमाणमा ढुङ्गा निस्किएको भनि प्रतिवेन प्राप्त भएकोले यस कार्यालयद्धारा खटी गएको प्राविधिकहरु सव.ईन्जिनियर श्री सेरवहादुर वाग र अ.सव.ई. श्री टिकाराम गुरागाईले ४३० घ.मि. ढुङ्गा फिल्डमा रहेको भनि नापीको विवरण पेश भएकोमा वढी भएको परिमाणको एकमुष्ठ राजश्व बुझाई ढुङ्गा निकासी गर्ने निर्णयलाई अनुमोदन गर्ने।

## निर्णय नं. १००७

त्रियुगा नगरपालिकाभित्र सञ्चालित सहकारीहरुमध्ये तपसिल अनुसारको सहकारी संस्थाहरुले त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २८ को उपदफा (२) बमोजिम सहकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र साधारण सभा बोलाउनु पर्ने, सोही ऐनको दफा ५४ को

कार्यपालिकाको मिति २०८३/०२/२९गतेको बैठकको निर्णय प्रमाणित।

उपदफा (१) बमोजिम आर्थिक वर्ष समास भएको मितिले ३ महिनाभित्र प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्धारा लेखापरिक्षण गराउनु पर्ने, र दफा ५२ को उपदफा (१) बमोजिम सहकारीका विवरणहरु सहितको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेमा लगातार २ (दुई) बर्षसम्म त्रियुगा नगरपालिकाको सहकारी शाखामा विवरण पेश नगरेका सहकारी संस्थाहरुको सूची सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड बमोजिमको पहिलो सूचना मिति २०७९/१२/०७ र दोस्रो सूचना मिति २०८०/०६/१८ गते प्रकाशन गरिएकोमा तपसिलका सहकारीहरु हालसम्म कुनै सम्पर्कमा नआएको हुँदा अन्तिम एक पटकका लागि २१ दिनभित्र नियमानुसार साधारण सभा, लेखापरीक्षण, शाखामा प्रतिवेदन पेश लगायत प्रचलित कानुनले तोके बमोजिमका कार्यहरु गर्न गराउन सूचना प्रकाशन गर्ने अन्यथा नियमानुसार खारेज गर्ने प्रक्रिया अगाडि बढाउने।

तपसिल

| सि.न. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं | दर्ता मिति |
|---|---|---|---|---|
| १ | ढल्के कृषि सहकारी | त्रिनपा-४ | ८९ | २०६५-१०-१३ |
| २ | त्रियुगा मिलिजुलि कृषि सहकारी | त्रिनपा-४ | ३४ | २०६५-०६-०६ |
| ३ | पुष्पवाटिका कृषि सहकारी | त्रिनपा-४ | ३४ | २०७४-०१-२५ |
| ४ | शिवशक्ति कृषि सहकारी | त्रिनपा-४ | १०१ | २०५९-०७-०५ |
| ५ | सफल कृषि सहकारी | त्रिनपा-४ | २७२ | २०६०-०८-१७ |
| ६ | सालघारी उपभोक्ता सहकारी | त्रिनपा-४ | १०३ | २०६७-०२-०९ |
| ७ | अजम्वरी कृषि सहकारी | त्रिनपा-५ | ३४ | २०६५-०६-०६ |
| ८ | जनकल्याण दूग्ध उत्पादक सहाकरी | त्रिनपा-५ | ३४ | २०७४-०१-२५ |
| ९ | नवआरम्भ बचत तथा ऋण | त्रिनपा-६ | ३४ | २०६९-११-०१ |
| १० | नेवी कृषि सहकारी | त्रिनपा-६ | १३ | २०६९-०६-२१ |
| ११ | कर्कनी महिला बहुउद्देश्यीय सहकारी | त्रिनपा-७ | १०३ | २०५९-०७-०७ |
| १२ | मनकामना बचत तथा ऋण | त्रिनपा-७ | ५८ | २०६७-०९-१३ |
| १३ | दिपज्योती कृषि सहकारी | त्रिनपा-८ | ८ | २०६६-०१-१४ |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

| | | | | |
|---|---|---|---|---|
| १४ | वरपिपल नमूना कृषि सहकारी | त्रिनपा-८ | ७३ | २०७२-०२-२२ |
| १५ | अनमोल कृषि सहकारी | त्रिनपा-१० | २१ | २०६८-०८-२८ |
| १६ | गंगाजमुना बचत तथा ऋण | त्रिनपा-१० | ९२ | २०५८-०६-२२ |
| १७ | नमूना महिला बहुउद्देश्यीय सहकारी | त्रिनपा-१० | ८ | २०६१-०४-१५ |
| १८ | समृद्द बचत तथा ऋण सहकारी | त्रिनपा-११ | २७ | २०५५-०६-०२ |
| १९ | हुलाक कर्मचारी वचत तथा ऋण | त्रिनपा-१० | ११६ | २०६५-१२-०५ |
| २० | गुराँस बचत तथा ऋण | त्रिनपा-११ | ३ | २०६८-०४-२७ |
| २१ | जनउकास महिला बचत तथा ऋण | त्रिनपा-११ | २५ | २०६६-०६-२० |
| २२ | शुभभविष्य वचत तथा ऋण | त्रिनपा-११ | १० | २०६८-०७-०२ |
| २३ | सगरमाथा दूग्ध उत्पादक सहकारी | त्रिनपा-११ | १ | २०६३-०६-०३ |
| २४ | सगरमाथा सूचना तथा सञ्चार सहकारी | त्रिनपा-११ | ३३ | २०६१-१२-२४ |
| २५ | ससकोशी कृषि/पशु सहकारी | त्रिनपा-११ | ११ | २०७०-०५-२१ |
| २६ | स्वस्तिक जैविक पशुपंक्षीपालन सहकारी | त्रिनपा-११ | ५ | २०७०-०४-२४ |
| २७ | हिमालय बचत तथा ऋण | त्रिनपा-११ | ४१ | २०६८-१२-२९ |
| २८ | जनकल्याण बचत तथा ऋण | त्रिनपा-१२ | ५ | २०६८-०५-२५ |
| २९ | युवा कृषि सहकारी | त्रिनपा-१२ | ३९ | २०७०-१२-१२ |
| ३० | संजिवनी बचत तथा ऋणे | त्रि.न.पा. | ४९ | २०६६-०१-०८ |
| ३१ | बरुवा महिला कृषि सहकारी | त्रिनपा-१३ | ३६ | २०७१-०९-०२ |
| ३२ | उन्नती कृषि सहकारी | त्रिनपा-१३ | ७५ | २०७०-०३-०३ |
| ३३ | श्रृजना सानाकिसान कृषि सहकारी | त्रिनपा-१४ | ६५ | २०७०-०२-१९ |
| ३४ | यूवा जनजागरण कृषि सहकारी | त्रिनपा-१५ | ३७१ | २०७२-०८-१७ |
| ३५ | सिध्दवती जडिबुटी तथा कृषि सहकारी | त्रिनपा-१५ | १ | २०७६-१०-२३ |

कार्यपालिकाको मिति २०८३/02/29 गतेको बैठकको निर्णय प्रमाणित ।

निर्णय नं. १००८

त्रियुगा नगरपालिकाको निर्णय अनुसार विश्व बैंकको अनुदान अन्तगत नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत Contract ID: NP-DUDBC-४०१४५४-CW-RFB,"Different Interconnected road within Triyuga Municipality" र Contract ID: NP-DUDBC-४०१४५५-CW-RFB, "Upgradation of Sagarmatha Agriculture Bazar West to South Madan Bhandari Hall to Janpremei Tole Bisanpur Ward 12 road" स्तरोन्नती गर्ने क्रममा निर्माण व्यवसायी आशिष आशिर्वाद स्वामी नारायण जेभीबाट भेरिएशन आदेशको लागि निवेदन र विस्तृत विवरण प्रतिवेदन पेश भएको छ।

उक्त आयोजनाको दोस्रो भेरीएशन विषयमा परामर्शदता DSC BOTEK GOEC JV काठमाण्डौंबाट Contract ID: NP-DUDBC-४०१४५४-CW-RFB,"Different Interconnected road within Triyuga Municipality" को शुरु लागत अनुमानको आधारमा ०.२२० प्रतिशत कम भै हाल परिमार्जित लागत अनुमान रकम रु.५७,३०,०६,९५३।७९ (सन्ताउन्न करोड तीस लाख छ हजार नौ सय त्रिपन्न रुपैया र उन्नाअसी पैसा मात्र भ्याट र पिएस रकम सहित) भएको र निर्माण व्यवसायीसँग भएको शुरु सम्झौतामा ५.९६३ प्रतिशत बढी भई हाल कायम हुने सम्झौता रकम रू. ४८,३३,६४,०४३।०८ (अडचालिस करोड तेतिस लाख चौसट्टी हजार त्रिचालिस रुपैया र आठ पैसा मात्र भ्याट र पिएस रकम सहित) हुन गएको। साथै Contract ID: NP-DUDBC-४०१४५५-CW-RFB, Upgradation of Sagarmatha Agriculture Bazar West to South Madan Bhandari Hall to Janpremei Tole Bisanpur Ward 12 road" को शुरु लागत अनुमानको आधारमा ५.२२२ प्रतिशत कम भै हाल परिमार्जित लागत अनुमान रकम रु.२३,६३,६४,०३१।३९ (तेईस करोड त्रिसट्टी लाख चौसटी हजार एकतिस रुपैया र उन्नचालिस पैसा मात्र भ्याट र पिएस रकम सहित) भएको र निर्माण व्यवसायीसँग भएको शुरु सम्झौतामा ०.००४ प्रतिशत बढी भई हाल कायम हुने सम्झौता रकम रू. २०,३८,५१,७४१।६६ (बीस करोड अडतिस लाख एकाउन्न हजार सात सय एकचालिस रुपैया र छयसट्टी पैसा मात्र भ्याट र पिएस रकम सहित) भएको। भेरिएशन आदेश २ को स्वीकृति सहमतिको लागि आयोजना समन्वय कार्यालयमा No Objection Certificate (NOC) को लागि अनुरोध गरिएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको र आयोजना सम्पन्न गर्ने अन्तिम समय भएको हुँदा १५ प्रतिशत सम्म भेरिएसन आदेश स्वीकृत गर्ने अधिकार सम्वन्धित नगरपालिकाको हुने व्यवस्था अनुसार आ.व.२०८२।०८३ मा दोस्रो भेरिएशन आदेश सहित जम्मा रकम रु. ६८,७२,१५,७८४।७४ सम्झौता रकम कायम हुन गएकोले भेरिएशन आदेश (२) स्वीकृत गर्ने।

साथै, सडक निर्माण कार्यको निर्माण व्यवसायी आशिष/आशिर्वाद/स्वामीनारायण जे.भि.को मिति २०८२।१२।०४ गतेको पत्रबाट निर्माण सामाग्रीको अभावको कारण म्याद थप गरी दिन माग भएको तथा आयोजनाको परामर्शदाता (DSC) BOTEK-GOEC JV को राय समेतको आधारमा आयोजनाहरुको हालको प्रगति समेतलाई मूल्याङ्कन गरी मिति २०८३/०१/२४ गते बसेको त्रियुगा नगर कार्यपालिकाको बैठकको निर्णय नं.९८८ अनुसार उक्त आयोजनाको कार्य सम्पन्न गर्ने अन्तिम म्याद मिति २०८३ जेठ २५ (सन् २०२६ जुन ८) सम्म थप गरिएकोमा माथि उल्लेखित समस्याहरूलाई समाधान गरी नगर गौरवको आयोजना निर्माण सम्पन्न

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

गर्न र निर्माण व्यवसायीलाई Liquidity Damage लगाई निर्माण कार्य गराउने निर्णय गर्दा थप कानुनी समस्या आई गौरवको आयोजना सम्पन्न नहुने अवस्था देखिएको साथै आयोजना समन्वय कार्यालय बबरमहल, काठमाडौंबाट प्राप्त पत्रानुसार मिति २०८३/०३/०७ गतेसम्म अन्तिम विल भुक्तानी गरिसक्नुपर्ने र उक्त आयोजनाको सम्पन्नताको अन्तिम मिति २०८३/०३/१६ (सन् २०२६ जुन ३०) सम्म समेत रहेकोले उक्त आयोजना निर्माणको म्याद २०८३ असार ४ गते (सन् २०२६ जुन १८) सम्म थप गर्ने।

निर्णय नं. १००९

त्रियुगा नगरपालिकाको तेह्रौं नगर परिषदबाट स्वीकृत त्रियुगा नगरपालिकाको विनियम २०६४ को विनियम ५८ नोकरी अवधिको गणना सम्वन्धी व्यवस्थाको उपविनियम (१) मा कर्मचारीको उपदान तथा अवकास सम्वन्धी प्रयोजनका लागि नोकरी अवधिको गणना गर्ने सम्वन्धमा खण्ड (ख) मा "नगरपालिकाको स्थायी पदमा अस्थायी नियूक्ति पाई नोकरी अविछिन्न राखि पछि सोही पदमा स्थायी नियूक्ति पाएमा सो अस्थायी नियूक्ति मिति देखी नोकरी अवधि गणना हुनेछ" भन्ने व्यवस्था रहेको र सोही बमोजिम सेवा अवधि गणना गरी विगतमा उपदान उपलव्ध गराइदै आएकोमा हाल कोशी प्रदेशबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा अस्थायी सेवा अवधी गणना सम्वन्धी व्यवस्था नभएको, तर सोही ऐनको दफा ९० मा कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्वन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर गर्ने गरी परिवर्तन गरिने छैन भन्ने व्यवस्था रहेको, साथै नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०८१ (नवौं संस्करण) को दफा ५१ मा अस्थायी कर्मचारीलाई समेत उपदान तथा सञ्चित विदाको रकम भुक्तानी दिने व्यवस्था रहेको हुँदा सोही आधारमा यस त्रियुगा नगरपालिकामा सुरुमा अस्थायी नियुक्ति भई अविच्छिन्न सेवारत रही पछि विभिन्न मितिमा स्थायी नियुक्ति भएका वा अस्थायी पदमा सेवारत रहँदै अवकाश भएका तपसिल बमोजिमका कर्मचारीहरूलाई उपदान दिने।

साथै, यस नगरपालिकामा अविच्छिन्नरूपमा सेवारत भई आगामी दिनमा अवकाश हुने सोही प्रकृतिका कर्मचारीहरूलाई त्रियुगा नगरपालिकाको तेह्रौं नगर परिषदबाट स्वीकृत त्रियुगा नगरपालिकाको विनियम २०६४ को विनियम ५८ को उपविनियम (१) खण्ड (ख) बमोजिम सेवा अवधि गणना गरी उपदान दिने।

तपसिल

| क.स. | कर्मचारीको नाम/थर | पद/तह | कैफियत |
|---|---|---|---|
| १ | कृष्णा कुमारी काफ्ले | कार्यालय सहयोगी, श्रेणी विहिन, चतुर्थस्तर | स्थायी |
| २. | रामसेवक चौधरी | वडा सहायक | अस्थायी |
| ३. | नारायण प्रसाद ढुंगाना | वडा सहायक | अस्थायी |
| ४. | दल वहादुर दनुवार | वडा सहायक | अस्थायी |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

**निर्णय नं. १०१०**

त्रियुगा नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८३/१/२४, मिति २०८३/०१/२८ र मिति २०८३/०२/२९ बसेको बैठकको सिफारिस तथा निर्णयहरू अनुमोदन गर्ने।

**निर्णय नं. १०११**

त्रियुगा नगरपालिका भित्र विभिन्न कारणबस नगरपालिकाको इजाजत विना निर्माण भएका घरहरुलाई नगरपालिकामा अभिलेख प्रयोजनको लागि त्रियुगा नगरपालिकाको पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधी, २०८२ अनुसार यस नगरपालिकाभित्र इजाजत विना निर्माण भएका घरहरुलाई नियमित तथा अभिलेखीकरणको लागि सूचना प्रकाशन भई निवेदन प्राप्त गरी भवन नियमित तथा अभिलेखीकरण गर्ने कार्य गरिएकोमा साविकको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०१/२२ गतेको पत्र बमोजिम मिति २०८३/०२/२१ गते यस कायालयबाट समेत अभिलेखीकरण कार्य स्थगन गरिएको सूचना प्रकाशन भए पश्चात यस कार्यालयमा निवेदन दर्ता भई प्रक्रियामा रहेका सेवाग्राहीबाट व्यापक रुपमा जन-गुनासो आएकोले कार्यालयमा दर्ता भएका र अभिलेखिकरण प्रक्रियामा रहेका घरहरु यस कार्यालयावट खटिई जाने प्राविधिकहरूको प्रतिवेदन अनुसार सुरक्षित देखिएका घरहरुलाई एक पटकको लागि घर नियमित तथा अभिलेखीकरण गरी दिने।

**निर्णय नं. १०१२**

त्रियुगा नगरपालिकामा नगरपालिकाको इजाजतविना आवासीय वा व्यापारिक भवन निर्माण गर्ने कार्यलाई निरूत्साहित गर्दै नेपाल सरकार र नगरपालिकाको भवन संहिताको परीधिभित्र रही घर तथा भवन निर्माण कार्य गराई नगरलाई व्यवस्थित र सुन्दर शहरको रूपमा विकसित गर्न नगरवासीले नगरपालिकावाट भवन निर्माण इजाजत प्राप्त गरी भवन निर्माण गरे वा नगरेको निरन्तर अनुगमन गर्न नगरपालिकाले निर्णय गरी आवश्यक संख्यामा नगर प्रहरी खटाउने।

**निर्णय नं. १०१३**

त्रियुगा नगरपालिकामा घर वा भवन निर्माण इजाजत लिई घर/भवन निर्माण गर्ने घरधनीले नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको भवन नियमन शुल्क बुझाईरहेको र विगतमा वर्षहरूमा समान प्रकृतिका काममा नगरबाट भवन नियमन गर्ने कार्यमा खटिइएका प्राविधिकहरुलाई नागरिकहरूले थप शुल्क बुझाउनुपर्ने भन्ने जनगुनासो प्राप्त भएकोले आगामी आर्थिक वर्ष २०८३/८४ बाट लागु हुने गरी निर्माणाधीन घर/भवनको नियमित अनुगमन/नियमन कार्यमा अमिन खटाए बापतको शुल्क रु.१५०० कायम गरी उक्त रकम निजले नगरपालिकावाट घर/भवन निर्माण इजाजात लिंदाको वखत नगरपालिकालाई बुझाउने एकमुष्ट राजस्व रकममा नै भवन नियमन गर्ने शुल्क लिने व्यवस्था मिलाउने।

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

निर्णय नं. १०१४

त्रियुगा नगरपालिका क्षेत्रभित्र हुने जग्गा खण्डीकरण तथा प्लटिङ कार्यलाई नियमन गर्न सो सम्बन्धी कार्यविधि निर्माण गर्नुपर्ने भएकोले नगरपालिकाको कानूनी परामर्शकर्ता विना पाण्डेसँग आवश्यक समन्वय गरी उक्त कार्यविधिको मस्यौदा तयार गरी विधायन समितिमा छलफलको लागि समन्वय गर्न भवन तथा वस्ती विकास शाखा प्रमुखलाई जिम्मेवारी तोक्ने।

निर्णय नं. १०१५

त्रियुगा नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि आवधिक योजना तथा एकीकृत शहरी विकास योजना निर्माण गर्ने कार्य अगाडि बढीरहेको सन्दर्भमा सम्बन्धित विषय विज्ञ, सरोकारवाला निकाय तथा जनप्रतिनिधिहरूसँगको छलफल तथा परामर्शबाट नगरपालिकाको दीर्घकालीन सोच (Vision) लाई अझ प्रष्ट र अर्थपूर्ण बनाउन सुझाव प्राप्त भएकोले यस नगरपालिकाको दीर्घकालीन सोच तपसिल बमोजिम हुने गरी संशोधन गर्न आगामी नगर सभामा प्रस्ताव गर्ने:

तपसिल

| हालको दीर्घकालीन सोच | प्रस्तावित दीर्घकालीन सोच | परिवर्तन हुनुपर्ने आधार र कारण |
|---|---|---|
| "स्वस्थ, शिक्षित, उद्यमशील हाम्रो शहर, समुन्नत, समावेशी, समृद्ध त्रियुगा नगर" | "स्वस्थ, शिक्षित, उद्यमशील हाम्रो शहर: सुखी, सभ्य र समुन्नत त्रियुगा नगर" | १. सरोकारवाला र जनप्रतिनिधि र योजनाविद्सँगको छलफलबाट दीर्घकालीन सोचलाई युक्तिसंगत र थप अर्थपूर्ण बनाउनुपर्ने देखिएको भनी सुझाव प्राप्त भएको।<br>२. नेपालको दीर्घकालीन सोच, २१००: "समृद्ध नेपाल, सुखी नेपाली" र सोह्रौं योजना (२०८१/८२-२०८५/०८६) को सोच, "सुशासन, सामाजिक न्याय र समृद्धि" सँग तादात्म्यता कायम गर्न। |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

निर्णय नं. १०१६

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चक्रपथ, ललितपुरले दुधौली नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई मदन भण्डारी राजमार्गको सडकको क्षेत्राधिकार (Right of Way) का विषयलाई लिएर गरेको पत्राचारका सन्दर्भमा छलफल भयो। उक्त सडकको सन्दर्भमा उक्त पत्र तथा नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम मदन भण्डारी राजमार्ग अन्तर्गतको सडकको अधिकार क्षेत्र (Right of Way) हाल प्रचलनमा रहेको व्यवस्थाअनुसार मदन भण्डारी राजमार्गको धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौडा खण्डमा सडकको केन्द्र रेखाबाट दायाँ—बायाँ १५/१५ मिटर सडक अधिकार क्षेत्र कायम रहेको र सोही सडक अधिकार क्षेत्रभित्र केन्द्र रेखाबाट दायाँ—बायाँ २१ मिटर (१५ मिटर ROW तथा थप ६ मिटर Setback सहित) हाल जिल्ला मालपोत कार्यालय र यस नगरपालिकाबाट समेत काम कारवाही हुँदै आएकोले नेपाल सरकारबाट अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि साविक बमोजिम केन्द्र रेखाबाट दायाँ—बायाँ १५/१५ मिटर ROW तथा ६ मिटर Setback कायम गरी जम्मा २१ मिटर क्षेत्रलाई आधार मानी हाललाई यस नगरपालिकाबाट भवन नक्सा पास, निर्माण इजाजत तथा जग्गा पास सम्बन्धी सिफारिस उपलब्ध गराउने।

निर्णय नं. १०१७

त्रियुगा नगरपालिकाको वडा नं १४, १५ र १६ मा कृषि एवम् पशुपालन आवद्ध वडावासीहरूलाई कृषि तथा भेटेरेनरी सेवामा पहुँच विस्तार गरी कृषि तथा पशुपालन व्यवसायलाई टेवा पुर्याउन वडा नं. १५ मा कृषि तथा भेटेरेनरी सेवा केन्द्र निर्माण गरी सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाउन कृषि विकास र पशु सेवा शाखालाई निर्देशन दिने।

निर्णय नं. १०१८

त्रियुगा नगरपालिकाको पहाडी भूभागमा अवस्थित वडाहरू १४, १५ र १६ मा कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन एवम् बजारीकरण गर्न गर्न यस नगरपालिका वडा नं.१५ मा सञ्चालन गर्ने गरी कृषि उपज बजार निर्माण कार्यको लागि नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं र कृषि विभाग हरिहर भवन, ललितपुरमा माग गर्ने।

निर्णय नं. १०१९

त्रियुगा नगरपालिका र काठमाडौं महानगरपालिकाबीच एग्रोपुलिङ कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय तथा समझदारीका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन कृषि विकास शाखालाई निर्देशन दिने।

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

निर्णय नं. १०२०

त्रियुगा नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा तपसिल बमोजिमका नगर विकास कार्यक्रम तथा योजना संशोधन गरी आगामी नगर सभामा अनुमोदनको लागि प्रस्ताव गर्ने:

| क्र.सं | साविक योजना | बजेट रकम | क्र.सं | संशोधित योजना | बजेट रकम |
|---|---|---|---|---|---|
| १ | बीमा तथा नवीकरण खर्च | १५००००० | १ | बीमा तथा नवीकरण खर्च | १३००००० |
| | | | २ | अन्य सामाजिक सहायता | १५०००० |
| | | | ३ | त्रियुगा नगरपालिका-१ बस्ने रामेश्वरीदेवी चौधरीलाई क्षतिपूर्ति | ५०००० |
| २ | गत आ.व. को भुक्तानी चालु | ३२००००० | ४ | गत आ.व. को भुक्तानी चालु | २७००००० |
| | | | ५ | DGPS खरिद | ५००००० |
| ३ | गत आ.व. को भुक्तानी पुँजीगत | ३२००००० | ६ | गत आ.व. को भुक्तानी पुंजीगत | २८००००० |
| | | | ७ | सिँचाईका लागि डिप बोरिङ निर्माण वडा नं ५ | ४००००० |
| ४ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता लागत सहभागिता | २००००० | ८ | भलिवल प्रतियोगिता (मेयर कप) | २००००० |
| | | ८१००००० | | | ८१००००० |

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित ।

निर्णय नं. १०२१

विविध

क) जिल्ला भूमि आयोग, उदयपुरबाट सिफारिस भई यस नगरपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरूको मिति २०८३ वैशाख महिनादेखि असार मसान्तसम्मको मासिक पारिश्रमिक नगरपालिकाले उपलब्ध गराउने।

| क्र.स. | कर्मचारीको नाम/थर | पद | मासिक पारिश्रमिक |
|---|---|---|---|
| १ | विशाल कटवाल | सर्वेक्षक | साविकमा खाई पाई आए सरह |
| २ | चन्द्र ढकाल | अमिन | साविकमा खाई पाई आए सरह |

ख) यस नगरपालिकामा देहायको पदमा दैनिक ज्यालादारीमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरूको तपसिल बमोजिमको तलब स्केल कायम हुने गरी देहायको महिनाको छुट पारिश्रमिक उपलब्ध गराउने:

| क्र.स. | कर्मचारीको नाम | पद | ठेगाना | तलब स्केल | छुट महिना |
|---|---|---|---|---|---|
| १ | श्यामलाल चौधरी | ब्याक-हो-लोडर सहयोगी | त्रि.न.पा.-१२ | २०,७०० | २०८२ चैत्र, २०८३ वैशाख |
| २ | सन्तोष डोम | सरसफाईकर्मी | त्रि.न.पा.- | १५,०००/- | २०८२ चैत्र, २०८३ वैशाख |

ग) नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ, जिल्ला शाखा, उदयपुरको मिति २०८३/०१/३० गतेको प्रत्रमा त्रियुगा नगरपालिकाले स्थानीय पाठ्यपुस्तकको रूपमा तयार गरी नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयमा आधारभूत तहमा अनिवार्यरूपले लागू गरिएको त्रियुगा ज्ञानमाला पुस्तकको बिक्री मूल्यमा छुट गर्न माग भएकोले पुस्तक छपाईको लागत र छुटको औचित्यताका आधारमा अधिकतम १५ प्रतिशत सम्म बिक्री मूल्यमा छुट दिई बिक्री वितरणको व्यवस्था मिलाउन नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने।

घ) व्यवसायिक प्रशिक्षण केन्द्र, इटहरीको सहकार्यमा यस नगरपालिकामा सञ्चालित ३९० घण्टा अवधिको मन्टेश्वरी र वेसिक ब्यूटिशियन सीपमूलक तालिममा खटिने प्रशिक्षकहरूलाई खाना तथा आवासको लागि नगरपालिकाको अन्य सेवा शुल्क शीर्षकबाट खर्च हुनेगरी जनही २५,००० (अक्षरेपी पच्चिस हजार रूपैयाँ मात्र) को दरले उपलब्ध गराउने।

ङ) त्रियुगा नगरपालिका, नगर युवा तथा खेलकुद विकास समिति, उदयपुरको पत्र संख्या ०८२/०८३, चलानी नं.३२, मिति २०८३/०१/२९ गतेको पत्रमा उक्त समितिको कार्यालयमा कामको चाप

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

बढेकोले उक्त कार्यालयमा कर्मचारीको रूपमा कार्यरत चेतन पोखरेलले खाई पाई आएको सुविधमा थप गर्न सिफारिस भए बमोजिम निजको मासिक पारिश्रमिकमा पाँच हजार थप गरी पन्ध्र हजार कायम गर्ने।

च) सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीबाट त्रियुगा नगरपालिका वडा नं. १ स्थित मैनाहामा सडक निर्माणको क्रममा सोही स्थानमा स्थायी बसोबास गर्ने रामेश्वरी चौधरीको अर्धपक्की घर भत्केको र उक्त घर पुनः निर्माणको लागि सहयोग उपलब्ध गराउन १ नं. वडा कार्यालयबाट सिफारिस भई आएकोले निजलाई रू.५०,००० (अक्षरेपी पचास हजार रूपैयाँ) क्षतिपूर्तिस्वरूप उपलब्ध गराउने।

छ) त्रियुगा नगरपालिका वडा नं. ५ बस्ने चतुरमान दर्जीका छोरा रामकाजी दर्जी मृगौला र मुटु सम्बन्धी रोगबाट ग्रसित भएको र आर्थिक अभावका कारण निजको उपचारमा कठिनाई भएकोले निजको उपचारको लागि रू. १०,०००/- (अक्षरेपी दश हजार रूपैयाँ) आर्थिक सहायता उपलब्ध गराउने।

ज) त्रियुगा नगरपालिका, ११ नं. वडा कार्यालयको पत्र संख्या २०८२/०८३, च.नं.३७०९, मिति २०८३/०२/२८ को पत्रानुसार उक्त वडामा कार्यरत कार्यालय सहयोगी उमेरहदका कारण अवकाश भएको र दैनिक ज्यालादारीमा कार्यरत चौकीदारले काम छोडेकोले र उक्त वडाको कार्यबोझ अनुसारको जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिएकोले तपसिल बमोजिमका व्यक्तिहरूलाई दैनिक रू. ५०० उपलब्ध गराउने गरी कामकाजमा लगाउने:

<u>तपसिल</u>

| क्र.स. | नाम/थर | ठेगाना | काम तोकिएको पद |
|---|---|---|---|
| १ | पुष्पा कुमारी भट्टराई | त्रि.न.पा. | कार्यालय सहयोगी |
| २ | पृथी बहादुर दमाई | त्रि.न.पा. | चौकिदार |

२०८३/२/२९

कार्यपालिकाको मिति २०८३/०२/२९ गतेको बैठक... प्रमाणित।

CamScanner